# धुर्कोट गाउँपालिकाको आय व्यय, २०८३

धुर्कोट गाउँपालिका

बर्बोट, गुल्मी

## बजेट बक्तव्य

**सभाध्यक्ष महोदय,**

**तथा सम्पूर्ण सदस्य ज्यूहरु,**

धुर्कोट गाउँपालिकाको विधायकी अधिकार सम्पन्न यस गरिमामय गाउँसभाको बैठकमा नेपालको संविधानको धारा २३० मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८३/८४ को आय र व्ययको अनुमान प्रस्तुत गर्न उपस्थित भएको छु । नेपालको गौरवशाली इतिहास, लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन एवं युगीन परिवर्तनको संवाहक १० वर्षे लामो सशस्त्रद्वन्द्वको जगमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्ने अभिभारा सहित यस गरिमामय धुर्कोट गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को आय र व्यय प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणादायी अग्रजहरूलाई स्मरण गर्दै, ऐतिहासिक जनआन्दोलन तथा सशस्त्रद्वन्द्वमा आफ्नो जीवन आहुति गर्ने सहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै, नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टाचार नियन्त्रण, आर्थिक रूपान्तरण र उत्तरदायी शासन प्रणाली स्थापनाको आकाङ्क्षा सहित २०८२ भदौ २३ र २४ गते युवापुस्ताको ऐतिहासिक सहभागितामा सम्पन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने नागरिक तथा राष्ट्रसेवकहरू र लोकतन्त्र, स्वतन्त्रता तथा परिवर्तनका विभिन्न आन्दोलनहरूमा सहादत प्राप्त ज्ञात—अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । राष्ट्रियता र लोकतन्त्रका लागि सङ्घर्ष गर्ने बेपत्ता, घाइते योद्धा र अग्रज नेतृत्वप्रति उच्च सम्मान व्यक्त गर्दछु।

हामीले निर्वाचनका क्रममा मतदाताहरू समक्ष गरेका प्रतिबद्धता पूरा गर्ने दिशामा यो आय र व्ययको अनुमान मार्गदर्शक बन्नेछ। दिगो विकासका राष्ट्रिय लक्ष्यहरूलाई स्थानीयकरण गर्दै, गुणस्तरीय पूर्वाधार निर्माण, स्थानीय स्रोतको न्यायोचित परिचालन, समावेशी विकास र जलवायु उत्थानशील आर्थिक समृद्धिका माध्यमबाट **"समृद्ध धुर्कोटः हाम्रो सान"** भन्ने दीर्घकालीन सोँच हासिल गर्न हामी प्रतिबद्ध छौं।

**"समृद्ध धुर्कोटः हाम्रो सान"** भन्ने सोच सहितको दोस्रो आवधिक योजना धुर्कोट गाउँपालिकाले स्वीकृत गरेको छ । नागरिकको जिवनमा गुणस्तरीय परिवर्तन हासिल गर्ने उदेश्य सहित तर्जुमा भएको धुर्कोटको दोस्रो आवधिक योजनालाई आत्मसात गरी यो बजेट तर्जुमा गरेको छु ।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, धुर्कोट गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र धुर्कोट गाउँपालिकाको आवधिक विकास योजना, धुर्कोट गाउँपालिकाको मध्यमकालीन

खर्च संरचना, विकासका अन्तरसम्बन्धित बिषयहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरुलाई मार्गदर्शनको रुपमा लिएको छु।

त्यसैगरी बजेट निर्माणको क्रममा राजनीतिक दल, पूर्व जनप्रतिनिधि, संघ संस्था, विद्वत वर्ग, शैक्षिक व्यक्तित्वहरु, कृषक, पेशाविद, उद्योग व्यवसायी, महिला सञ्जाल, बाल क्लव, युवा क्लव, पछाडी परेका बर्ग र समुदायलाई प्रतिनिधित्व गर्ने संयन्त्र, फरक क्षमता भएका व्यक्तित्वहरु, सञ्चारकर्मी, नागरिक समाज, नेपालका विभिन्न शहर तथा बिदेशमा रहनुभएका पालिकाबासी तथा गाउँपालिका प्रेमी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरु लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छु।

आगामी बर्षको बजेट तर्जुमा गर्दा नागरिकको अपेक्षालाई सम्बोधन गर्दै स्थानीय अर्थतन्त्रमा देखिएका समस्याहरु हटाई नागरिकहरुमा आशा र भरोसाको संचार गर्ने जिम्मेवारी बोध गरेको छु।यसको लागि सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी संयन्त्र, राजनीतिक दल, नीजि क्षेत्र, नागरिक समाज, विकास साझेदार गैर सरकारी संस्था तथा सामाजिक संस्थाहरु, विदेशमा रहनुभएका दाजुभाई दिदिबहिनिहरु, शैक्षिक व्यक्तित्वहरु, संचार जगत र आम नागरिकको सहयोग, साथ, समर्थन, सहभागिता र ऐक्यबद्धताबाट विद्धमान चुनौतीको सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु।

प्रस्तुत बजेट कृषि क्षेत्रको रुपान्तरणकारी परिवर्तन गर्दै कृषकको आय-आर्जनमा बृद्धि गर्ने, शिक्षाको गुणस्तर सुधार गर्ने तथा स्वास्थ्य क्षेत्रमा सेवाको विस्तार तथा स्तरउन्नती गर्दै गाउँपालिकावासी नागरिकलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने, पर्यटन प्रवर्द्धन गर्दै स्थानीय अर्थतन्त्रलाई टेवा पुर्याउने, गरिबी न्यूनिकरण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्दै सार्वजनिक सेवाका नविनतम अवधारणाहरुलाई अंगीकार गरी गुणस्तरीय सेवा प्रवाह गर्ने तर्फ उन्मुख रहेको छ।

**सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकाको विद्यमान आर्थिक अबस्था र चालु आर्थिक बर्ष २०८२/०८३ को बजेट कार्यान्वयनको वित्तीय अवस्था संक्षेपमा प्रस्तुत गर्न चाहान्छु।

चालु आर्थिक बर्षको जेष्ठ मसान्त सम्म कुल बजेटको ७०.०९ प्रतिशत रकम खर्च भएको छ। जसमध्ये चालु तर्फ ७८.४८ प्रतिशत र पुँजिगत तर्फ ५२.४४ प्रतिशत रहेको छ। यसैगरी आर्थिक विकास तर्फ ६३.७९ प्रतिशत, सामाजिक विकास तर्फ ६७.४७ प्रतिशत, पूर्वाधार विकास तर्फ ७०.७६ प्रतिशत, सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र तर्फ ३१.९१ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासन ८०.०७ प्रतिशत खर्च प्रगति भएको छ।

यसैगरी चालु आर्थिक बर्षमा संघीय सरकारको राजश्व बाँडफाड तर्फ ८ करोड ४ लाख २० हजार ९ सय छयत्तर बजेट अनुमान गरिएकोमा हालसम्म ६ करोड ९१ लाख २८ हजार १ सय ९ मात्र प्राप्त भएको छ। त्यसैगरी वित्तीय समानीकरण संघीय सरकार तर्फ ८ करोड ९३ लाख बजेट

अनुमान गरिएकोमा हाल सम्म जम्मा ८ करोड १६ लाख ६४ हजार ८ सय ५० मात्र प्राप्त भएको छ । संघीय सशर्त अनुदान तर्फ ३३ करोड ०९ लाख मात्र बजेट अनुमान गरिएकोमा हालसम्म ३१ करोड ६ लाख ७५ हजार प्राप्त भएको छ। यसैगरी संघीय सरकार विशेष अनुदान तर्फ २ करोड ८३ लाख बजेट अनुमान गरिएकोमा हाल सम्म ७१ लाख ६२ हजार ७ सय ३६ रुपैंया मात्र प्राप्त भएको छ । त्यसैगरी संघीय समपुरक तर्फ ६८ लाख बजेट अनुमान गरिएकोमा हालसम्म ६८ लाख मात्र प्राप्त भएको छ।
त्यसैगरी प्रदेश तर्फको राजश्व बाँडफाड शिर्षकमा ८३ लाख ८४ हजार बजेट अनुमान गरिएकोमा हालसम्म ७२ लाख ६७ हजार ५ सय ६७ प्राप्त भएको छ। प्रदेश समानीकरण तर्फ ६१ लाख ६४ हजार बजेट अनुमान गरिएकोमा हालसम्म जम्मा ६१ लाख ६४ हजार नै प्राप्त भएको छ। प्रदेश सशर्त तर्फ रु ८९ लाख बजेट अनुमान गरिएकोमा हाल सम्म रु ७३ लाख २० हजार ९ सय ६७ रुपैंया मात्र प्राप्त भएको छ । त्यसैगरी प्रदेश समपुरक तर्फ रु ७५ लाख बजेट अनुमान गरिएकोमा हालसम्म जम्मा रु ७१ लाख २५ हजार मात्र प्राप्त भएको छ। त्यसैगरी प्रदेश विशेष तर्फ रु २० लाख बजेट अनुमान गरिएकोमा हालसम्म जम्मा रु ६ लाख ६० हजार मात्र प्राप्त भएको छ। चालु आर्थिक वर्षमा आन्तरीक आय तर्फ रु ७५ लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ६६ लाख ८१ हजार ९ सय २७ मात्र आम्दानी भएको छ।

यसैगरी धुर्कोट गाउँपालिकाको वार्षिक विकास योजनामा आर्थिक बर्ष २०८३/०८४ मा आन्तरिक आय रु. ७५ लाख संकलन हुने प्रक्षेपण गरिएकोमा आर्थिक बर्षको अन्त्य सम्ममा राजश्व संकलन लक्ष्य भन्दा बढी हुन आउने देखिन्छ। खासगरी नदीजन्य पदार्थमा हुने राजश्व चुहावटको नियन्त्रण गर्न लिएको नीति, वडा कार्यालयहरुलाई राजश्व संकलनको आधारमा गरिएको प्रोत्साहनको कारणले गर्दा समग्र देशमा राजश्व संकलनको अवस्था कमजोर रहदा पनी धुर्कोट गाउँपालिकाको आन्तरिक राजश्व संकलन मजबुत देखिएको छ ।

**सभाध्यक्ष महोदय,**
अब म यस गरिमामय सभा समक्ष चालु आर्थिक वर्ष २०८२/८३ मा हाम्रो निरन्तर प्रयास, जनसहभागिता र प्रतिबद्धताका कारण आर्थिक, सामाजिक, पूर्वाधार एवं सुशासनका क्षेत्रमा हासिल भएका अमूल्य कोसेढुङ्गा र प्रमुख उपलब्धिहरू क्षेत्रगत रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आर्थिक विकास क्षेत्र**

कृषिको आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायीकरण मार्फत स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने हाम्रो नीतिले चालु वर्षमा उत्साहजनक नतिजा दिएको छः

- **कृषि व्यवसायः** कृषि क्षेत्रमा नयाँ उद्यमीहरूलाई आकर्षित गर्न यसै वर्ष थप कृषि व्यवसायहरू विधिवत् दर्ता भई सञ्चालनमा आएका छन्।

- **सुन्तला खेती विस्तार र उच्च उत्पादनः** धुर्कोटको गौरव र मुख्य पहिचान बनेको सुन्तला खेतीलाई यस वर्ष थप २ हेक्टर क्षेत्रफलमा विस्तार गरिएको छ भने पुराना सुन्तला बगैंचाहरूको वैज्ञानिक व्यवस्थापन गरिएको छ। यसैको सुखद परिणामस्वरुप, यस आर्थिक वर्षमा मात्र **१ हजार ६ सय ८७ दशमलव ४९ (१,६८७.४९) मेट्रिक टन सुन्तला** उत्पादन गरी राष्ट्रिय बजारमा निर्यात गर्न हामी सफल भएका छौं।
- **पशुधन प्रवर्द्धन र बजारीकरणः** किसान दाजुभाइ दिदीबहिनीहरूको आर्थिक स्तर सुदृढ गर्न यस वर्ष गाउँपालिकाबाट करिब **६,००० खसी-बोका** तम्घास र बुटवल जस्ता बजारमा निर्यात गरिएको छ। साथै, निजी क्षेत्र र सहकारीको त्रिपक्षीय साझेदारीमा उत्पादित दुग्धजन्य वस्तुहरू जिल्लाभित्र र बाहिर नियमित निर्यात भइरहेका छन्।
- **कृषि अनुदान तथा यान्त्रीकरणः** दुर्गम बस्तीका किसानहरूलाई मध्यनजर गर्दै एकीकृत घुम्ती शिविर सञ्चालन गरिएको छ। कृषि औजारमा ५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत किसानहरूलाई **१०० भन्दा बढी मिनिटिलर, ९ वटा कन्सेलर मेसिन र ११ वटा कुटानी-पिसानी मिल** वितरण गरी परम्परागत कृषिलाई आधुनिकीकरण र यान्त्रीकरणतर्फ रूपान्तरण गरिएको छ।
- **कृषि पकेट क्षेत्र र पूर्वाधार विकासः** कृषि उत्पादन बढाउन वडा नं. २ मा तरकारीको नयाँ पकेट क्षेत्र स्थापना गरिएको छ। सातै वडाका कृषकहरूलाई लक्षित गरी अकबरे खुर्सानीको बीउ, मल्चिङ प्लास्टिक, १६ वटा डिजिटल तौल मेसिन र ६३ थान क्यारेट वितरण गरिएको छ। सिँचाइतर्फ, वडा नं. ५ मा ७ वटा साना सिँचाइ प्रवर्द्धन योजनाहरू सफलतापूर्वक सम्पन्न भएका छन्।
- **नश्ल सुधार र व्यावसायिक मौरीपालनः** पशुपालन तर्फ वडा नं. १, २, ३, ४ र ६ मा नश्ल सुधारका लागि ७ वटा उन्नत जातका बीउ बोका र वडा नं. २ र ५ मा २ वटा उच्च नश्लका बीउ पाडा वितरण गरिएको छ। व्यावसायिक मौरीपालन गर्ने ४ वटा फर्म तथा सहकारीलाई **१३० थान गोलासहितको मौरीघार** वितरण गरिएको छ। सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी रेबिज नियन्त्रणका लागि ६० वटा कुकुरको बन्ध्याकरण र एन्टिरेबिज भ्याक्सिनको व्यवस्था मिलाइएको छ।
- **उत्कृष्ट किसान सम्मान र मलको पारदर्शी वितरणः** उत्पादनमा प्रतिस्पर्धा बढाउन दूध, मासु, अण्डा, धान, गहुँ र कोदो उत्पादन गर्ने कृषकहरूमध्ये उत्कृष्ट तीन/तीन जना कृषि तथा पशुपालक कृषकहरूलाई नगद पुरस्कारसहित जनस्तरमा सम्मानित गरिएको छ। कृषकहरूका लागि इजाजतप्राप्त सहकारीमार्फत **२२३.७४ मेट्रिक टन युरिया, ७९.५१ मेट्रिक टन डी.ए.पी. र २.५ मेट्रिक टन पोटास मल** पूर्ण रूपमा पारदर्शी रूपमा वितरण सुनिश्चित गरिएको छ।

### पर्यटन, उद्योग तथा वाणिज्य क्षेत्र

धुर्कोटको प्राकृतिक तथा ऐतिहासिक सम्पदालाई आर्थिक उपार्जनसँग जोड्ने प्रयासमा राम्रो प्रगति भएको छः

- **पर्यटक आगमनमा उल्लेख्य वृद्धिः** गाउँपालिकाको केन्द्र बर्बोटमा अवस्थित 'सहिद पार्क' प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको छ। चालु वर्षमा धुर्कोट ग्रेटवाल, विचित्र गुफा, सहिद पार्क, ऐतिहासिक धुर्कोट कोट दरबार, नागेश्वर गुफा, अजमिर कोट र झल्याकोटको अवलोकनका लागि **करिब ६,००० आन्तरिक तथा बाह्य पर्यटकहरू** धुर्कोट भित्रिएका छन्। हाम्रो आस्थाको केन्द्र कुमारी देवी मन्दिरको पुनः निर्माण कार्य हाल अन्तिम चरणमा पुगेको छ।
- **व्यवसाय दर्ता, नियमन र बजार अनुगमनः** स्थानीय व्यापार व्यवसायलाई औपचारिक दायरामा ल्याउन यस वर्ष ९ वटा नयाँ व्यवसाय दर्ता भएका छन् भने पुराना व्यवसायहरूको नवीकरण प्रक्रियालाई चुस्त बनाइएको छ। उपभोक्ता अधिकार रक्षाका लागि बजार अनुगमनलाई नियमित, सुदृढ र प्रभावकारी बनाइएको छ।

**सामाजिक विकास क्षेत्र**

मानव पुँजी निर्माण र शैक्षिक रूपान्तरणका लागि चालु वर्षमा दूरगामी महत्त्वका कार्यहरू सम्पादन भएका छन्ः

- **पूर्ण छात्रवृत्ति र आवासीय शिक्षाको प्रत्याभूतिः** आर्थिक रूपले विपन्न तथा दलित परिवारका ६ जना जेहेन्दार विद्यार्थीलाई एसईई (SEE) पछिको प्राविधिक शिक्षा अध्ययनका लागि गाउँपालिकाद्वारा पूर्ण छात्रवृत्ति उपलब्ध गराइएको छ। दुई जना अभिभावकविहीन बालबालिकालाई आवासीय शिक्षाका लागि दाङमा सम्पूर्ण खर्च गाउँपालिकाले व्यहोर्ने गरी सुरक्षित पठनपाठनको व्यवस्था मिलाइएको छ।
- **शैक्षिक पूर्वाधार र प्रविधिमैत्री शिक्षणः** विद्यालयहरूमा सुविधासम्पन्न शौचालय, आईसिटी (ICT) ल्याब, पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माण गरिएको छ। सुशासनलाई प्रवर्द्धन गर्दै शिक्षकहरूको पारिश्रमिक सिधै बैङ्क खातामा भुक्तानी गर्ने प्रणाली स्थापित गरिएको छ। सामुदायिक विद्यालयमा निःशुल्क स्यानिटरी प्याड वितरण र दिवा खाजा कार्यक्रमको प्रभावकारी सञ्चालनले विद्यार्थीहरूको उपस्थिति र सिकाइ स्तरमा गुणात्मक सुधार ल्याएको छ।
- **स्थानीय पाठ्यक्रम र "धुलोमुक्त विद्यालय" अभियानः** कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भई पाठ्यपुस्तक लेखन र छपाई सम्पन्न गरेर विद्यालयहरूमा पठनपाठन सुरु गरिएको छ। शैक्षिक वातावरण सुधार अन्तर्गत सोमरभोमर मावि, धुर मावि र नयाँगाउँ माविको खेलमैदानमा हेक्जागनल ब्लक बिछ्याएर विद्यालयहरूलाई **"धुलोसहितबाट धुलोमुक्त विद्यालय"** मा रूपान्तरण गरिएको छ।
- **अन्तर्राष्ट्रिय साझेदारी र क्षमता विकासः** वडा नं. ३ हाडहाडेको निन्यूखर्क मा.वि.मा नेपाल सरकार, भारतीय दूतावास र धुर्कोट गाउँपालिकाबीच त्रिपक्षीय सम्झौता भई **८ कोठे पक्की भवन** निर्माण कार्य तीव्र गतिमा अघि बढेको छ। शिक्षकहरूको पेसागत क्षमता विकासका लागि चितवन र रामेछापका देशकै उत्कृष्ट विद्यालयहरूको अवलोकन भ्रमण गराइएको छ।

## स्वास्थ्य, खानेपानी र सरसफाइ क्षेत्र

आधारभूत स्वास्थ्य सेवा र स्वच्छ खानेपानीमा आम नागरिकको पहुँच पुर्‍याउन गाउँपालिकाले ऐतिहासिक सफलता प्राप्त गरेको छः

- **ऐतिहासिक स्वास्थ्य घोषणा र ल्याब सेवाः** चालु वर्षमा धुर्कोट गाउँपालिकालाई **"पूर्ण खोप, पूर्ण पोषणयुक्त र पूर्ण संस्थागत सुत्केरी सुनिश्चित गाउँपालिका"** घोषणा गरिँदैछ, जुन हाम्रो स्वास्थ्य क्षेत्रको ठूलो उपलब्धि हो। गाउँपालिकाका सातै वटा स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधी र सर्जिकल सामग्रीको प्रबन्ध मिलाई ल्याब सेवा सुचारु गरिएको छ।
- **घरदैलो र विशिष्टीकृत स्वास्थ्य सेवाः** ज्येष्ठ नागरिकको सम्मान र स्वास्थ्य रक्षाका लागि ८४ (चौरासी) वर्ष नाघेका वृद्धवृद्धाहरूका लागि घरमै पुगी निःशुल्क स्वास्थ्य उपचार गर्ने प्रणाली सञ्चालनमा ल्याइएको छ। जनस्वास्थ्य अन्तर्गत १०-१४ वर्षका किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको (HPV) खोप लगाइएको छ। प्रत्येक महिनाको पहिलो शनिबार धुर्कोट आधारभूत अस्पतालमा गुल्मी जिल्ला अस्पताल र तम्घास आँखा अस्पतालको प्राविधिक सहयोगमा दन्त तथा आँखा उपचार शिविर सुरु गरिएको छ। डिजिटल एक्स-रे (X-Ray) मेसिन खरिद प्रक्रिया सम्पन्न भई यसै वर्ष सञ्चालनमा आउने सुनिश्चित भएको छ।
- **'एक घर एक धारा' र पूर्ण सरसफाइको लक्ष्यः** खानेपानी तथा स्वच्छता योजना (WASH Plan) निर्माण सम्पन्न गरी चालु वर्षमा थप ६५ घरधुरीमा खानेपानी धारा जडान गरिएको छ। यससँगै गाउँपालिकाभित्र हालसम्म कुल **४,९४५ घरधुरीमा 'एक घर एक धारा'** जडान भइसकेको छ। सरसफाइतर्फ वडा नं. १ को भुजेलधारा, बडाखोला, खालचौर र सिद्धाथान टोल; वडा नं. ४ को गोलपोखरी, सिर्जनशील, पाञ्चायन, ठुटेपिपल र प्रगतिशील टोल तथा वडा नं. ५ को पशुपतेश्वर टोललाई **पूर्ण सरसफाइयुक्त टोल** घोषणा गरिएको छ।

## लैङ्गिक समानता, समावेशीकरण र विपद् व्यवस्थापन

न्यायिक र सुरक्षित समाज निर्माणका लागि सामाजिक न्याय र समावेशीकरणका सिद्धान्तहरूलाई समुदायस्तरसम्म पुर्‍याइएको छः

- **बालमैत्री स्थानीय शासन र GEDSI अडिटः** गाउँपालिकाका ७ वटै वडाहरूलाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ र सिंगो गाउँपालिकालाई बालमैत्री घोषणा गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) सम्बन्धी अडिट सम्पन्न हुँदा धुर्कोटले **८८.५ प्रतिशत उत्कृष्ट अङ्क** प्राप्त गर्न सफल भएको छ।
- **स्थानीय कला-संस्कृति र सीप हस्तान्तरणः** परम्परागत संस्कृति संरक्षण र महिला सशक्तीकरणका लागि वडा नं. २, ४, ५ र ६ मा महिला पञ्चेबाजा समूह गठन गरी तालिम र पञ्चेबाजा सेट हस्तान्तरण गरिएको छ। वडा नं. ६ मा २१ जनालाई उद्यम विकास तालिम र अन्य वडाका ८

जना उद्यमीलाई सहनाई बजाउने उन्नत तालिम प्रदान गरिएको छ। वडा नं. २ मा २ वटा हाते ट्याक्टर, ४ वटा सुन्तला बगैंचा सफा गर्ने मेसिन र स्प्रेयर वितरण गरिएको छ।

- **रोजगारी सिर्जना र सुरक्षित आप्रवासनः** राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५० वटा आयोजना सञ्चालन गरी १५० जना बेरोजगार श्रमिकहरूलाई प्रत्यक्ष रोजगारी प्रदान गरिएको छ। सुरक्षित आप्रवासन (सामी) कार्यक्रम मार्फत ५०२ जनालाई परामर्श, ७७ जना वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण र ७ जनालाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ।
- **विपद् व्यवस्थापन र न्यायिक समितिः** मनसुनजन्य विपद् आवास निर्माण अन्तर्गत पहिचान भएका १६४ घरधुरीमध्ये १०७ घरको निर्माण कार्य सम्पन्न भई पहिलो किस्ता भुक्तानी गरिएको छ भने बाँकी ३८ घरको नक्सा जिल्ला प्रशासन र राष्ट्रिय जोखिम न्यूनीकरण प्राधिकरणमा पेस गरिएको छ। समुदायस्तरमा १७ वटा टोल विकास संस्थाहरू दर्ता भएका छन्। मानवीय करुणाका आधारमा दुःखद घडीमा ३० जना नागरिकलाई प्रतिव्यक्ति रु. १०,००० का दरले क्रियाखर्च उपलब्ध गराइएको छ। न्यायिक समितितर्फ दर्ता भएका ११ उजुरीमध्ये ६ वटाको निरूपण (फछ्र्यौट) गरिएको छ भने बाँकी ५ वटालाई कानुनी प्रक्रियाका लागि सम्बन्धित निकायमा पठाइएको छ।

**पूर्वाधार विकास र वित्तीय सुशासन**

भौतिक पूर्वाधारको सुदृढीकरण र वित्तीय अनुशासनको क्षेत्रमा धुर्कोटले देशकै ध्यान आकर्षित गर्ने गरी गौरवपूर्ण ऐतिहासिक रेकर्ड कायम गरेको छः

- **सडक, भवन र पुल पूर्वाधारः** पूर्वाधार विकासतर्फ यसै आर्थिक वर्षमा **९३० मिटर सडक ढलान र २.३६ किलोमिटर सडक स्तरोन्नति** गरिएको छ। गाउँपालिकाको निर्माणाधीन आधुनिक प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। वडा नं. ७ वाग्ला र मालिका गा.पा. वडा नं. ८ जोड्ने झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको छ। १५ शैयाको धुर्कोट आधारभूत अस्पताल, सिर्बु स्वास्थ्य चौकी र धुर्कोट आयुर्वेद भवनको निर्माण कार्य द्रुत गतिमा अघि बढेको छ। गरिब तथा विपन्न परिवार घर निर्माण कार्यक्रम अन्तर्गत स्वीकृत ११ घरमध्ये ७ घरको निर्माण सम्पन्न भई अन्तिम किस्ता भुक्तानी भइसकेको छ।
- **शून्य बेरुजुको ऐतिहासिक रेकर्ड र वित्तीय सुशासनः**

**सभाध्यक्ष महोदय,**

मलाई यो सम्मानित सभामा घोषणा गर्न अत्यन्त गौरव लागेको छ कि वित्तीय अनुशासन र सुशासनको क्षेत्रमा सिङ्गो देशकै नमुना बन्दै आर्थिक वर्ष २०८१/८२ को अन्तिम महालेखापरीक्षकको प्रतिवेदन अनुसार धुर्कोट गाउँपालिकाको **बेरुजु शून्य (0.00%) प्रतिशत** रहेको छ। यो हाम्रो प्रणालीको पारदर्शिता र इमानदारिताको सर्वोच्च प्रमाण हो।

- **विगतको बेरुजु फछ्र्यौट र जिन्सी व्यवस्थापनः** चालु वर्षमा हामीले शून्य बेरुजुको रेकर्ड मात्र राखेनौं, बरु विगत आर्थिक वर्ष २०७४/७५ देखि २०८०/८१ सम्मको लामो समयदेखि बाँकी रहेको कुल **रु. ३ करोड २१ लाख बेरुजु फछ्र्यौट** गरी वित्तीय सुशासनको नयाँ मानक स्थापित गरेका छौं। साथै, विगतका वर्षहरूदेखि गाउँपालिका र वडा कार्यालयहरूमा थुप्रिएर रहेका उपयोगविहीन ७० प्रकारका करिब ३०० वटा जिन्सी सामानहरूलाई कानुनी प्रक्रिया बमोजिम लिलाम बिक्री गरी जिन्सी व्यवस्थापनलाई चुस्त र पारदर्शी बनाइएको छ।

**सभाध्यक्ष महोदय,**

अब म स्थानीय अर्थतन्त्र र हाम्रो बजेट प्रणालीमा देखिएका मुख्य-मुख्य चुनौती संक्षेपमा प्रस्तुत गर्न चाहान्छु।

## चुनौतीहरुः

सभाध्यक्ष महोदय, धुर्कोट गाउँपालिकाको भौगोलिक, आर्थिक र सामाजिक बनोटलाई मध्यनजर गर्दै हाम्रो विकासको गतिलाई तीव्र बनाउने सन्दर्भमा आगामी दिनमा सामना गर्नुपर्ने मुख्य-मुख्य चुनौतीहरूलाई प्रस्तुत गर्दछुः

१. **युवा पलायन र बसाइसराइ नियन्त्रणः** तीव्र रूपमा भइरहेको ग्रामीण बसाइसराइको दरलाई न्यून गर्दै अवसरको खोजीमा वैदेशिक रोजगारीतर्फ आकर्षित भइरहेको ऊर्जावान् युवाशक्तिलाई स्थानीयस्तरमै उद्यमशीलता, नवप्रवर्तन (Innovation) र उत्पादनमुलक क्षेत्रमा टिकाइ राख्नु।

२. **सामाजिक रूपान्तरण र रचनात्मक युवा परिचालनः** आधुनिक प्रविधि एवं सामाजिक सञ्जालको दुरुपयोगबाट सिर्जित पारिवारिक बेमेल, अनैतिक सम्बन्ध र युवापुस्तामा क्षयीकरण भइरहेको रचनात्मकता एवं सिर्जनशीलतालाई रोक्दै उनीहरूलाई उत्पादनमुखी एवं राष्ट्रनिर्माणको मार्गमा मार्ग निर्देशन गर्नु।

३. **कृषि व्यवसायीकरण र बजार सुनिश्चितताः** परम्परागत कृषिलाई आधुनिकीकरण गरी उत्पादित सबैखाले कृषि तथा पशुजन्य उपजहरूको भण्डारण, प्रशोधन र भरपर्दो बजारीकरण सुनिश्चित गर्दै कृषकहरूलाई उचित मूल्य दिलाउनु।

४. **औद्योगिक ग्रामको दिगो सञ्चालनः** गाउँपालिकामा स्थापना गरिएको औद्योगिक ग्राममा पर्याप्त मात्रामा घरेलु तथा साना उद्योगहरूको स्थापना गरी तिनीहरूलाई दिगो र व्यावसायिक रूपमा सञ्चालन गर्नु।

५. **स्थानीय स्रोतको उपयोग र आन्तरिक आय वृद्धिः** प्राकृतिक रूपमा उपलब्ध नदीजन्य पदार्थहरूको वातावरणीय सन्तुलन कायम हुने गरी प्रशोधन गर्नुका साथै खेर गइरहेको वन पैदावार एवं जडीबुटीको यथोचित व्यावसायिक उपयोग र बिक्री वितरणमार्फत गाउँपालिकाको आन्तरिक राजस्वमा गुणात्मक वृद्धि गर्नु।

६. **पर्यटन पूर्वाधार र मौलिकताको प्रवर्द्धनः** आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्न गाउँपालिकाभित्र सुविधासम्पन्न होटल, रैथाने संस्कृति झल्कने होमस्टे (घरवास) र स्थानीय मौलिक उत्पादनसहितका व्यापारिक केन्द्रहरूको स्थापना तथा सञ्चालन गर्नु।

७. **मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनः** बाँदर, बँदेल लगायतका वन्यजन्तुबाट कृषि उपज तथा पशुधनमा भइरहेको व्यापक क्षतिलाई न्यूनीकरण गर्न वैज्ञानिक एवं व्यावहारिक द्वन्द्व व्यवस्थापन प्रणाली लागू गरी कृषकको लगानी सुरक्षित गर्नु।

८. **गुणस्तरीय, व्यावहारिक र जीवन उपयोगी शिक्षाः** स्थापित शैक्षिक संस्थाहरूको भौतिक एवं प्राविधिक सुदृढीकरण गर्दै शिक्षामा आमूल परिवर्तन गरी अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष, नैतिकवान् र जीवनोपयोगी जनशक्ति उत्पादन गर्नु।

९. **आधारभूत स्वास्थ्य सेवामा दक्ष जनशक्ति आपूर्तिः** नवनिर्मित धुर्कोट आधारभूत अस्पतालमा स्वीकृत मापदण्ड बमोजिमका विशेषज्ञ चिकित्सकसहितका दक्ष स्वास्थ्य जनशक्तिको स्थायी आपूर्ति गरी नागरिकलाई स्थानीयस्तरमै गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति दिलाउनु।

१०. **दिगो पूर्वाधार र रणनीतिक सडक सञ्जालः** गाउँपालिकाको केन्द्रलाई सबै वडा केन्द्रहरूसँग बाह्रै महिना सञ्चालन हुने पक्की (पिच) मोटरबाटोमार्फत जोड्नु, गुणस्तरीय पूर्वाधार निर्माणमार्फत सीमित स्रोत साधनको समुचित उपयोग सुनिश्चित गर्नु र विगतका रुग्ण (अधुरा) आयोजनाहरूलाई तोकिएको समयमै सम्पन्न गरी भुक्तानी प्रणालीलाई व्यवस्थित बनाउनु।

११. **"एक घर एक धारा" र शुद्ध खानेपानीको दिगोपनाः** गाउँपालिकालाई पूर्ण रूपमा 'एक घर एक धारा' युक्त पालिका घोषणा गर्दै प्रत्येक नागरिकका लागि शुद्ध खानेपानीको उपलब्धता र वितरण प्रणालीको दीर्घकालीन एवं दिगो व्यवस्थापन गर्नु।

१२. **सामाजिक न्याय, समावेशीकरण र बालमैत्री शासनः** समाजमा परम्परागत रूपमा जरा गाडेर रहेको लैङ्गिक तथा जातीय विभेदयुक्त मानसिकतामा आमूल परिवर्तन गरी सामाजिक न्याय र समानता सुनिश्चित गर्नुका साथै घोषणा भइसकेको बालमैत्री स्थानीय शासनको अवधारणालाई समुदायस्तरसम्म विस्तार गरी यसको दिगोपना कायम राख्नु।

**आदरणीय सदस्यज्यूहरू, यी चुनौतीहरू कठिन भए तापनि हाम्रो दृढ इच्छाशक्ति, जनसहभागिता र स्रोतको सही परिचालन मार्फत यिनीहरूलाई समृद्धिको अवसरमा बदल्न आगामी बजेट पूर्ण रूपमा केन्द्रित रहनेछ।**

**सभाध्यक्ष महोदय,**

माथि उल्लेखित चुनौती र अवसरलाई मनन् गर्दै स्थानीय सरकार, निजि क्षेत्र, सहकारी र विकास साझेदारको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर सृजना गर्ने, आर्थिक

तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक बृद्धिको जग तयार गर्ने तर्फ प्रस्तुत बजेटले जोड दिएको छ। सार्वजनिक स्रोतको समुचित परिचालन गर्दै उपलब्ध अवसर तथा लाभहरुको न्यायिक वितरण गरी **हुनेखाने वर्ग र हुँदा खाने वर्ग** विचको खाडल कम गर्नुपर्ने आवश्यकता महशुस गरी बजेटका उद्धेश्य तथा प्राथमिकताहरु निर्धारण गरेको छु।

**बजेटका उद्धेश्यहरुः**

### १. स्थानीय उत्पादन, वन्यजन्तु नियन्त्रण र दिगो रोजगारी प्रवर्द्धन

कृषि र पशुपालनको व्यवसायीकरणका लागि प्रमुख चुनौतीका रूपमा रहेको **बाँदर, बँदेल लगायतका वन्यजन्तुजन्य क्षतिलाई आधुनिक प्रविधि र वैज्ञानिक उपायहरूबाट नियन्त्रण गर्नु**; साथै बाँझो जमिनको उपयोग र साना तथा घरेलु उद्योगको प्रवर्द्धनमार्फत स्थानीयस्तरमै दिगो रोजगारीका अवसर सिर्जना गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु।

### २. कृषक तथा श्रमिकको सामाजिक सुरक्षा र समन्यायिक समृद्धि

अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक, विपन्न वर्ग र कृषकहरूलाई **सामाजिक सुरक्षा कोष (Social Security Fund) मा आबद्ध गराई** उनीहरूको भविष्य र पेसालाई सुरक्षित एवं मर्यादित बनाउनु; तथा सामाजिक न्याय र समावेशी विकासका माध्यमबाट आम नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउनु।

### ३. अधुरा योजनाहरूको पूर्णता र दिगो पूर्वाधार विकास

विगतकाअधुरा, रुग्ण र रणनीतिक महत्त्वका आयोजनाहरूलाई प्राथमिकताका साथ तोकिएको समयमै सम्पन्न गरी पूर्णता दिनु; तथा कम लागतमा बढी प्रतिफल दिने उच्च प्रतिफलमुखी र दिगो भौतिक पूर्वाधारको निर्माण गर्नु।

### ४. गुणस्तरीय मानव पुँजी निर्माण र सीप विकास

शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रको सुदृढीकरण गर्दै नागरिकका लागि गुणस्तरीय, जीवनोपयोगी एवं प्रविधिमैत्री शिक्षा र विशिष्टीकृत स्वास्थ्य सेवा सुनिश्चित गरी स्वस्थ, सिर्जनशील, प्रतिस्पर्धी र सीपयुक्त मानव संशाधनको विकास गर्नु।

### ५. पर्यावरण संरक्षण र प्राकृतिक स्रोतको दिगो उपयोग

जल, जमिन, जंगल र जैविक विविधता जस्ता प्राकृतिक स्रोतहरूको वातावरणीय सन्तुलन कायम हुने गरी दिगो उपयोग सुनिश्चित गर्नुका साथै जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण र विपद् जोखिमको वैज्ञानिक व्यवस्थापन गर्नु।

## ६. प्रविधिमैत्री सुशासन र जवाफदेही सेवा प्रवाह

गाउँपालिकाको प्रशासनिक तथा सेवा प्रवाह प्रणालीलाई पूर्ण डिजिटल, पारदर्शी, ढिलासुस्तीमुक्त र नागरिकमैत्री बनाई सार्वजनिक जवाफदेहिता र उत्तरदायित्वको नवीनतम् आयाम स्थापित गर्नु।

## ७. वित्तीय अनुशासन र विधिको शासनको संस्थागत सुदृढीकरण

आन्तरिक राजस्वको दायरा फराकिलो बनाउँदै "शून्य बेरुजु" को गौरवपूर्ण साखलाई निरन्तरता दिनु र आर्थिक अनुशासन, वित्तीय पारदर्शिता एवं विधिको शासनलाई स्थानीय तहमा संस्थागत र सुदृढ गर्नु।

**बजेटका प्राथमिकताहरुः**

## १. कृषि, पर्यटन र दिगो रोजगारीको विकास तथा वन्यजन्तु नियन्त्रण

- उच्च मूल्यका कृषि उपज (सुन्तला, कफी, अदुवा, अकबरे खुर्सानी) को प्रवर्द्धन, पकेट क्षेत्र विस्तार र स्थानीय उत्पादनको बजारीकरण।
- **बाँदर, बँदेल लगायतका वन्यजन्तुजन्य क्षतिको वैज्ञानिक नियन्त्रण** र रोकथामका उपायहरू अवलम्बन गरी कृषि तथा पशुधनको पूर्ण सुरक्षा।
- धुर्कोट ग्रेटवाल, विचित्र गुफा र होमस्टे सहितको पर्यटन पूर्वाधार विकास मार्फत रोजगारमूलक उद्यमशीलताको विस्तार।

## २. करार कर्मचारी र उद्यमी कृषकहरूको सामाजिक सुरक्षा कोष (SSF) मा आबद्धता

- गाउँपालिकामा कार्यरत **प्रारम्भिक बालविकास (ECD) शिक्षिका, विद्यालय कर्मचारी, कार्यालय सहयोगी, नगरप्रहरी (गाउँ प्रहरी), सवारी चालक** लगायत औपचारिक क्षेत्रका सम्पूर्ण करार सेवाका कर्मचारीहरूको श्रमको सम्मान गर्दै **सामाजिक सुरक्षा कोष (SSF)** मा अनिवार्य आबद्धता।
- अनौपचारिक क्षेत्रमा विगत ५ वर्षदेखि निरन्तर कृषि उद्यम, व्यावसायिक फर्म तथा पशुपालन व्यवसाय सञ्चालन गर्दै आएका **कृषक एवं श्रमजीवीहरूलाई समेत सामाजिक सुरक्षा कोषमा आबद्ध गराई** जीवन र पेसाको दीर्घकालीन सुरक्षा एवं सामाजिक सुरक्षाको ग्यारेन्टी।

## ३. शिक्षा, डिजिटल स्वास्थ्य र समन्यायिक सामाजिक विकास

- सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा रूपान्तरण, व्यावहारिक एवं प्रविधिमैत्री (ICT) शिक्षाको प्रवर्द्धन र विपन्न तथा दलित विद्यार्थीहरूलाई विशेष प्रोत्साहन।
- धुर्कोट आधारभूत अस्पताल र वडाका स्वास्थ्य संस्थाहरूमा **"डिजिटल स्वास्थ्य प्रणाली" को विकास र विस्तार** गरी नागरिकलाई आधुनिक, प्रविधिमैत्री र विशेषज्ञ स्वास्थ्य सेवाको सहज पहुँच।

### ४. विपद् उत्थानशील पूर्वाधार विकास र रणनीतिक आयोजनाको पूर्णता

- जलवायु परिवर्तनको असर र भौगोलिक संवेदनशीलतालाई मध्यनजर गर्दै **विपद् उत्थानशील पूर्वाधार विकासको बलियो आधार** तयार गर्ने।
- कम लागतमा बढी प्रतिफल दिने योजनाहरूको छनोट, रणनीतिक सडक तथा झोलुङ्गे पुलहरूको निर्माण र विगतका अधुरा तथा रुग्ण आयोजनाहरूलाई प्राथमिकताका साथ तोकिएको समयमै सम्पन्न गरी पूर्णता दिने।

### ५. दिगो विकास, पर्यावरण संरक्षण तथा विपद् व्यवस्थापन

- जल, जमिन, जंगल र रैथाने जैविक विविधता जस्ता स्थानीय प्राकृतिक स्रोत, साधन र रैथाने सीपको अधिकतम एवं दिगो उपयोग।
- डढेलो, पहिरो तथा मनसुनजन्य विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय समुदायको पूर्वतयारी र पर्या-पर्यटनको संरक्षण।

### ६. वित्तीय सुशासन, शून्य बेरुजुको निरन्तरता र डिजिटल सुशासन

- विगतको गौरवपूर्ण विरासतलाई जोगाउँदै **"शून्य बेरुजु" को ऐतिहासिक रेकर्ड र कठोर वित्तीय अनुशासनलाई निरन्तरता** दिने।
- गाउँपालिकाको सेवा प्रवाहलाई पूर्ण रूपमा प्रविधिमैत्री, पारदर्शी र उत्तरदायी बनाउन डिजिटल सुशासनको सुदृढीकरण तथा आन्तरिक राजस्वको दायरा विस्तार।

### ७. जनसहभागिता परिचालन

- योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय नागरिकको सार्थक जनसहभागिता र अपनत्व परिचालन।

**सभाध्यक्ष महोदय,**

अब म बजेटले लिएका उद्धेश्य हासिल गर्न तपसिल बमोजिम सुधारको प्रस्ताव पेश गरेको छु।

१. आगामी आर्थिक बर्षको बजेट कार्यान्वयन कार्ययोजना श्रावणको पहिलो हप्ता भित्र तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ। स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने विषयगत शाखाहरुले श्रावण मसान्त भित्र आवश्यक कार्यविधि र निर्देशिका तयार गरी कार्यपालिकाबाट पारित गरि लागु गर्नेछन्।
२. क्षेत्रगत प्राथिमकता भित्र पनि ठूला तथा रणनैतिक महत्वका, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, बहुसंख्यक जनताले लाभ प्राप्त गर्ने आयोजनालाई प्राथमिकता दिइ रकम छुट्टाएको छ।
३. ठूलो संख्यामा आयोजना र कार्यक्रम समावेश गरी स्रोत साधन छर्ने प्रबृतिमा सुधार गर्न खोजिएको छ।

४. तोकिएको मिति भित्रै आगामी आर्थिक बर्षको स्थानीय दररेट स्विकृत गराई लागु गरिनेछ।

५. आयोजना कार्यान्वयनका लागि कार्त्तिक महिना भित्र ठेक्का व्यवस्थापन गरिसक्नु पर्नेछ। यसको लागि योजना शाखा र प्राविधिक शाखालाई जिम्मेवार वनाइनेछ।

६. अनुगमन समितिबाट स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको समयतालिका वनाई निर्माण पूर्व, निर्माणाधिन अवस्था तथा निर्माण सम्पन्न भएपछि अनुगमन, मुल्यांकन, पृष्ठपोषण तथा रिपोटिङ्ग गरिनेछ।

७. कुनै पनि आयोजनाको उचित कारण विना म्याद थपिने छैन। सम्झौताको दायित्व पूरा नगरी हेलचेक्राइ र लापरवाहीको कारण समयमै कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई प्रचलित खरिद कानुन बमोजिम दण्ड जरिवाना गरिनेछ।

८. सार्वजनिक निर्माण अन्तर्गत भवन तथा अन्य पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने जग्गा प्राप्ति पश्चात योजना सम्झौता गर्ने कार्यलाई कडाईका साथ पालना गरिनेछ ।

९. बजेटमा उल्लेखित योजना वा कार्यक्रम कारणवस संशोधन गर्नु परेमा पौष मसान्त भित्रै गरिसक्नु पर्नेछ ।

१०. उपभोक्ता समितिले कार्यालय संग सम्झौता गरेको आयोजना पून उपभोक्ता समिति मार्फत ठेक्का दिने प्रबृतिलाई कडाइका साथ निरुत्साहित गरिनेछ। यदी त्यस्तो गरेको प्रमाणित भएमा सो उपभोक्ता समितिका जिम्मेवार पदाधिकारीलाई ५ बर्ष सम्म गाउँपालिकाका कुनै पनि योजनामा उपभोक्ता समितिको पदाधिकारीमा रहनबाट बञ्चित गरिनेछ।

११. निर्माण सामाग्रीको आपूर्ति सहज वनाउन वातावरणीय अध्ययनबाट उपयुक्त पहिचान गरिएका खानीबाट तोकिएको समयमा ढुङ्गा, गिट्टी, बालुवा निकाल्न सक्ने व्यवस्था मिलाइनेछ।

१२. सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सूचना प्रविधि प्रणालीलाई थप प्रभावकारी बनाउदै वडा कार्यालय र स्वास्थ्य कार्यालयहरुलाई अनुगमन, नियमन र सहजिकरण गरिनेछ ।

१३. प्रशासनीक खर्चमा मितव्ययिता कायम गरिनेछ।

१४. वित्तिय जोखिमलाई न्यूनिकरण गर्न आर्थिक अनुशासन कायम गर्दै बेरुजु न्यूनिकरण तथा फर्छ्यौट गर्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ ।

१५. गाउँपालिकाको आर्थिक रुपान्तरणको लागि डिजिटल अर्थतन्त्रलाई प्रबर्द्धन गरिनेछ। त्यसका लागि संचार पूर्वाधारको विकास आर्थिक तथा प्रशासनिक क्रियाकलापमा इन्टरनेट, मोबाइल एप्लिकेशन, सफ्टवेयर तथा अन्य नेटवर्कको प्रयोगलाई बढवा दिइनेछ। यसबाट आर्थिक कारोबारको लागत घट्ने, कार्यकुशलतामा बृद्धि हुने, समयको बचत हुने, नागरिकहरुले घरबाटै सेवा लिन सक्ने, पारदर्शिता र सुशासन कायम भई **समृद्ध धुर्कोट, हाम्रो सान** भन्ने दीर्घकालिन सोचलाई टेवा पुग्ने अपेक्षा लिएको छु।

१६. बजेट कार्यान्वयनको प्रगतीको सन्दर्भमा नियमित रुपमा हुने चौमासिक समिक्षाको अलवा आगामी आर्थिक बर्ष देखि माघ १० गते भित्र बजेट कार्यान्वयनको मध्यावधि समीक्षा गरिनेछ।

१७. माथि उल्लेखित नीतीगत तथा संरचनागत सुधारले बजेट कार्यान्वयनको प्रभावकारिता बढ्ने र स्थानीय अर्थतन्त्र गतिशील हुने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय**

अब, म आर्थिक बर्ष २०८३/०८४ को लागि धुर्कोट गाउँपालिकाको अनुमानित आय-व्यय विवरण प्रस्तुत गर्न अनुमती चाहान्छु। सर्वप्रथम आगामी आर्थिक बर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु।

धुर्कोट गाउँपालिकाका गौरबका आयोजनाका रुपमा रहेका प्रशासकीय भवन निर्माण, धुर्कोट कोट क्षेत्र तथा बुढीकोट क्षेत्र पर्यटन पूर्वाधार निर्माण (धुर्कोट ग्रेटवाल), १५ सैया आधारभुत अस्पताल भवन निर्माण, कुमारीदेवी मन्दिर, ऐतिहासिक धुर्कोट कोट दरवार संचालन, वडा नं. ५ वस्तुमा रहेको शैक्षिक संग्रहालयका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

संघीय सरकार विशेष अनुदान तर्फ धुर्कोट गाउँपालिका एक घर एक धाराका लागि रु १ करोड ८० लाख विनियोजन भएको छ। त्यसै गरी प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान रकम रु. २२ लाख विनियोजन भएको छ जस अन्तर्गत वडा नं. ४ र ६ जैसिथोक रजस्थल खानेपानीलाई आगामी आर्थिक वर्ष एक घर एक धारा युक्त वडा घोषणा कार्यक्रमको नीति लिए बमोजिम उक्त योजना सम्पन्न गर्ने लक्ष्य लिएका छौं।

संघीय सरकार समपुरक अनुदान तर्फ छिलिम्ते- डिठ्ठापोखरा-किमुखर्क- द्वानेटा सडक स्तरोन्नतिका लागि गाउंपालिकाबाट रु. ६२ लाख र संघ सरकारबाट रु. १ करोड ४२ लाख गरी जम्मा २ करोड ४ लाख विनियोजन भएको छ। त्यसै गरि संघीय समपुरक अन्तर्गत बर्बोट देखि रजस्थल हुँदै वाग्लाको दोबाटो हुँदै थ्याप्चे सडक स्तरोन्नतीका लागि गाउँपालिकाबाट रु. ३० लाख र संघ सरकारबाट रु. ७० लाख गरि जम्मा १ करोड विनियोजन भएको छ। त्यसै गरि प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रकम रु. ७५ लाख विनियोजन भएको छ । जस अन्तर्गत नयाँगाउँ ठूल्दी बर्बोट मैदान कोट नादी मसेरा झुल्केपोखरी खालीखोला अवुवा गल्दा लोहरी सडकका लागि गाउँपालिकाबाट रु. १८ लाख र प्रदेश सरकारबाट रु. ४० लाख गरी जम्मा ५८ लाख विनियोजन भएको छ । साथै बराजा कटौजे पिपलधारा नादी बर्बोट हटिया काफलपानी वाग्ला थ्याप्चे सडकका लागि गाउँपालिकाबाट रु. १४ लाख र प्रदेश सरकारबाट रु. ३५ लाख गरी जम्मा ४९ लाख विनियोजन भएको छ ।

संघीय सरकार सशर्त अनुदान तर्फ रु. २७ करोड ५२ लाख विनियोजन भएको छ। जस अन्तर्गत मुख्यत शिक्षक तथा विद्यालय कर्मचारीहरुको तलब भत्ता, विद्यालय सञ्चालन खर्च, स्वास्थ्यकर्मीहरु तथा आयुर्वेद तर्फको तलब भत्ता तथा स्वास्थ्य कार्यालय सञ्चालन र तोकिए बमोजिमका

कार्यक्रमहरु, पञ्जिकरण सेवा इकाईका कर्मचारीहरुको तलब भत्ता, राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्र सञ्चालन तथा रोजगारी सृजना कार्यक्रम, कृषि तथा पशु तर्फका कर्मचारीहरुको तलब भत्ता तथा तोकिए बमोजिमका कार्यक्रमहरु रहेका छन। यस सम्बन्धी कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरेको छु। संघीय सरकारबाट शर्सत कार्यक्रमको रुपमा गाउँपालिकालाई प्राप्त भएका केही मुख्य योजनाहरु तपसिलमा रहेका छन् ।

**तपसिलः**

१. आधारभुत अस्पतालको लागि औजार उपकरण खरिदको लागि रु. २० लाख ।
२. स्वीकृत गुरुयोजनाका आधारमा साझेदारी विद्यालय पूर्वाधार विकास कार्यक्रम रु.३० लाख ।
३. ओखलढुंगा-घोटघोटे झोलुङ्गेपुल निर्माणका लागि रु. २० लाख

**प्रदेश सशर्त अनुदान अन्तर्गत पुँजीगत खर्च तर्फ विभिन्न योजना तथा कार्यक्रममा ७ वटै वडाको लागि रु. ९५ लाख विनियोजन भएको छ।**

**सभाध्यक्ष महोदय,**

अव म वित्तिय समानीकरण अनुदान, राजश्व बाडफाडबाट प्राप्त रकम र आन्तरिक आयबाट प्राप्त हुने अनुमानित रकम रु. २३ करोड २३ लाख ४४ हजार मध्येबाट बजेटका मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु।

कोष तर्फः

विपद्को पूर्व तयारी राहत, उद्धार, पुनस्थापना जस्ता कार्यको लागि विपद् व्यवस्थापन कोषमा रु. २० लाख विनियोजन गरेको छु। त्यसैगरी विभिन्न आयोजनाहरुको मर्मत संभार संरक्षण र दिगो संचालनको व्यवस्थापनको लागि मर्मत संभार कोषमा रु. ३० लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

पुराना खानेपानी आयोजनाहरुको मर्मत संभार, सिंचाई, कुलो, गोरेटो बाटो, पाटी, पौवा ऐतिहासिक धार्मिक महत्वका स्थलहरुको पुननिर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

आर्थिक विकासको क्षेत्र स्थानीय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको हुन्छ । विकास र परिवर्तनको आधार स्तम्भ अर्थतन्त्रको सुदृढीकरण नै आर्थिक विकास हो

बढ्दो बसाईसराई न्यून उत्पादन वन्यजन्तुको आक्रमणबाट निराश किसानहरुलाई प्रोत्साहन गर्न कृषि तथा पशु क्षेत्रका किसानहरुलाई सामाजिक सुरक्षा कोष (किसान पेन्सन) कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।बाँदर, बँदेल लगायतका वन्यजन्तुजन्य क्षतिको वैज्ञानिक नियन्त्रण र रोकथामका उपायहरू अवलम्बन गर्न प्रदेश र संघीय सरकार सँग समन्वय गर्नका लागि

आवश्यक बजेटको व्यवस्था गरेको छ ।अत:आर्थिक **विकास** क्षेत्र तर्फ वडाको सिलिङ्गबाट र गाउँपालिका स्तरीय कार्यक्रम तथा योजनाहरुको लागि रु. १ करोड ९० लाख ५५ हजार विनियोजन गरेको छ।

समाज रुपान्तरण र आधारभुत आवश्यकता परिपूर्ति गर्नका लागि सामाजिक विकासलाई समानान्तर ढंगबाट प्राथमिकताका साथ अघि बढाउन सन्तुलित विकास हासिल गर्न सकिदैंन ।समाजलाई परिवर्तन गर्दै रुपान्तरणको तह सम्म पुऱ्याउन र गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवा, शुद्ध खानेपानीको उपलब्धता एवम् सरसफाई सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा प्रबर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता विश्वव्यापी मान्यता पाएका मानव अधिकारका विषयहरुलाई प्राथमिकतामा राखेको छ।शिक्षाको गुणस्तर अभिवृद्धि गर्नको लागि विद्यालयका कार्यालय सहयोगी, विद्यालय कर्मचारी, वालविकास सहजकर्तालाई प्रोत्साहन स्वरुप सामाजिक सुरक्षा कोषमा आबद्धता गराउन आवश्यक बजेटको विनियोजन गरेको छ ।समग्र **सामाजिक विकास** क्षेत्र तर्फ वडाको सिलिङ्गबाट र गाउँपालिका स्तरीय कार्यक्रम तथा योजनाहरुको लागि रु. ३० करोड ५६ लाख ४२ हजार विनियोजन गरेको छ ।

गाउँपालिका भित्र यातायात संचालनको दृष्टिकोणले महत्वपूर्ण रहेका ओखलढुङ्गा मैदान ठुल्दी बर्बोट सडक, उदिना पिपलधारा नादी सडक, सुफल धनमुडा हाडहाडे सडक, बरारुख नादीहाडहाडे लोहरी शहिद खिमबिक्रम नेपाली मार्ग,बर्बोट रिप वडा कार्यालय कालापोखरा ठुल्दी सडक मर्मत, हुलाके वस्तु बर्बोट शहिद जेदुराम मार्ग, डिठ्ठापोखरा किमुखर्क द्वानेटा सडक, मसुरेखर्क बर्बोट डिठ्ठापोखरा चौरासी सडक र मसुरेखर्क वाग्ला थ्याप्चे सडकको सवारी आवागमनलाई सर्वयाम सहज तुल्याउन तथा मनशुनजन्य विपद्को कारण हुने अवरोधलाई हटाउन समग्र रुपमा रु. १० लाख विनियोजन गरेको छ।

आर्थिक बृद्धि र आर्थिक विकासको पूर्वसर्तको रुपमा रहने भौतिक पूर्वाधार विकास अन्तर्गत सडक, खानेपानी, भवन, पुल पुलेसा, उर्जा, संचार जस्ता क्षेत्रहरुको विकासको लागि **पूर्वाधार विकास** क्षेत्र तर्फ वडाको सिलिङ्गबाट र गाउँपालिका स्तरीय कार्यक्रम तथा योजनाहरुको लागि रु. १२ करोड ८ लाख २० हजार विनियोजन गरेको छ।

वातावरण सम्पूर्ण जीवजन्तु, वनस्पतिको जैविक अस्तित्वको प्रमुख आधार हो। हाम्रा हरेक क्रियाकलाप वातावरण मैत्री हुनुपर्छ। वातावरण मैत्री दिगो विकास र विपद व्यवस्थापनले मात्र सन्तुलित, टिकाउ र प्रतिफलयुक्त विकास गर्न सकिन्छ। वन तथा भू-संरक्षण जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण र विवद व्यवस्थापन वडाको सिलिङ्गबाट वडा स्तरीय कार्यक्रम तथा योजनाका संचालन गर्न र गाउँपालिका स्तरीय कार्यक्रम तथा योजनाहरुको लागि रु. १ करोड १ लाख ५८ हजार विनियोजन गरेको छ।

संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन मार्फत लोकतन्त्रका आदर्शहरुको संरक्षण, लाभहरुको न्यायोचित वितरण, नागरिकमैत्री सेवा प्रवाह गर्न सकिएमा गाउँ सरकार प्रति नागरिकको अपनत्व,

विश्वास र सहकार्यको विकास हुन्छ भन्ने विश्वास लिएको छु । मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक र अन्तिम लेखा परिक्षण, वेरुजु फर्छयौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्रको लागि वडाको सिलिङ्गबाट वडा स्तरीय कार्यक्रम तथा योजना संचालन गर्न र गाउँपालिका स्तरीय कार्यक्रम तथा योजनाहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु। अवकाश पछि रित्तो हात घर जान नपरोस भनी गाउँपालिकाका करारका कर्मचारी, वडा कार्यालयका कार्यालय सहयोगी, स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी तथा नगर प्रहरीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्धता गराउनको लागि बजेट विनियोजन गरेको छु ।

गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई थप प्रभावकारी, गुणस्तरीय, नागरिकमैत्री तथा नतिजामुखी बनाउन मानव स्रोत व्यवस्थापनलाई विशेष प्राथमिकता दिइएको छ। कर्मचारीहरूको मनोबल अभिवृद्धि, कार्यसम्पादनमा प्रभावकारिता तथा संस्थागत स्थायित्व कायम गर्न गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको सेवा, सुविधा र सामाजिक सुरक्षालाई थप सुदृढ बनाइनेछ।

लामो समय (चार वर्ष) देखि परिमार्जन हुन नसकेको धुर्कोट गाउँपालिकाका कर्मचारीको पारिश्रमिक प्रस्तुत बजेटमा **कूल २१ प्रतिशत सम्मको खुद वृद्धि** हुने गरी नयाँ व्यवस्था गरिएको छ ।

**१. आधारभूत तलबमानमा वृद्धि :** धुर्कोट गाउँपालिका कर्मचारी तथा शिक्षकहरूको सुरुवाती आधारभूत तलबमानमा **१० प्रतिशत**ले वृद्धि गरिएको छ।

**२. मासिक प्रोत्साहन भत्ता :** कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको सुरुवात गर्नका लागि नयाँ तलबमानको **१० प्रतिशत मासिक प्रोत्साहन भत्ता**को रूपमा थप व्यवस्था गरिएको छ।

**३. महँगी भत्ता:** धुर्कोट गाउँपालिकाका कर्मचारीले यस अघि देखि खाइपाइ आएको मासिक **रु. ५,०००** महँगी भत्तालाई यस वर्षको बजेटमा पनि निरन्तर दिएको छु।

धुर्कोट गाउँपालिकाका स्वीकृत दरबन्दीमा कार्यरत करार कर्मचारीहरु(कार्यालय सहयोगी, सवारी चालक, नगर प्रहरी, प्राविधिक कर्मचारी, स्वास्थ्यकर्मीहरू)को मनोबल उच्च राखी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन करारका कर्मचारीहरुको पनि स्थायी कर्मचारीको सरह तलब भत्ता र महँगी भत्ता सम्बन्धी व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**"सभाध्यक्ष महोदय,**

राष्ट्रको भविष्य निर्माणको आधारशिला मानिने सामुदायिक विद्यालयहरूमा कार्यरत प्रारम्भिक बालविकास (ECD) शिक्षिका, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगीहरूको श्रमको उच्च सम्मान गर्दै उहाँहरूको मनोबल उच्च राख्नु राज्यको दायित्व हो। यसै सन्दर्भमा, संघीय सरकारले निर्धारण

गरेको पारिश्रमिक तथा सेवा सुविधा संघीय सरकार तथा स्थानीय तहको संयुक्त साझेदारीमा प्रदान गरिएको छ । उक्त निर्धारित पारिश्रमिक तथा सेवा सुविधाहरूलाई आ.व. २०८३।८४ मा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु, जसले हाम्रा विद्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी, कार्यालय सहयोगी तथा बालबिकास शिक्षिकाहरुको श्रम न्यायलाई प्रत्याभूत गर्नेछ।"
सामुदायिक सिकाई केन्द्रमा कार्यरत कर्मचारीहरुको प्रोत्साहनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
महिला स्वास्थ्य स्यवंसेविकाहरुको कल्याणकारी कोष लगायतका अन्य सुविधाहरुलाई निरन्तरता दिएको छु ।समग्र रुपमा सुशासन तथा संस्थागत विकास तर्फ कुल रु. ११ करोड ३२ लाख ६९ हजार विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु।
आगामी आर्थिक बर्षका लागि कुल खर्च रु. ५६ करोड ८९ लाख ४४ हजार विनियोजन गरेको छु।कुल विनियोजन मध्ये चालु तर्फ रु. ४२ करोड ९० लाख ६९ हजार अर्थात ७५.४१ प्रतिशत, पुँजिगत खर्च तर्फ रु. १३ करोड ९८ लाख ७५ हजार अर्थात २४.५९ प्रतिशत रहेको छ।
आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. ९ करोड ७ लाख, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रु. २७ करोड ५२ लाख, संघीय सरकारबाट प्राप्त राजश्व बाडफाड वापतको रकम रु. ८ करोड ३५ लाख २१ हजार, संघीय सरकारबाट प्राप्त समपुरक अनुदान रु. २ करोड १२ लाख, संघीय सरकारबाट प्राप्त विशेष अनुदान रु.१ करोड ८० लाख, प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. ६२ लाख २७ हजार, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रु. १ करोड २५ लाख, प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाड रकम रु. ९५ लाख ४३ हजार, प्रदेश सरकरबाट प्राप्त समपुरक अनुदान रु. ७५ लाख, आन्तरिक आय अनुमानित ७५ लाख र आ.ब. २०८२/८३ को अनुमानित बैंक मौज्दात ३ करोड ४८ लाख ५३ हजार गरी जम्मा आय रु. . ५६ करोड ८९ लाख ४४ हजार रहेको छ।

**सभाध्यक्ष महोदय,**

अब, म आगामी आर्थिक वर्ष २०८३/८४ को कुल आय र व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु । त्यससंग सम्बन्धित विभिन्न योजना तथा कार्यक्रमहरुको अनूसुचीहरु यसै साथ संलग्न छ ।गाउँपालिका भित्रका वडागत रुपमा रहेका कार्यक्रम तथा योजनाहरु यस प्रकार रहेका छन् ।

**सभाध्यक्ष महोदय,**

बजेट तर्जुमाको क्रममा हामिले संचालन गरेका सबैजसो कार्यक्रमहरुमा सल्लाह सुझाव सहयोग समन्वय र अभिभावकत्व प्रदान गर्नुभएकोमा सम्मानित गाउँपालिका अध्यक्ष ज्यू प्रति कृतज्ञत व्यक्त गर्दछु। साथै बजेट निर्माणको क्रममा सुझाव प्रदान गर्नुहुने विषयगत समिति, राजनीतिक दल, अर्थविद, विभिन्न विषय क्षेत्रका विज्ञ, प्रमुख प्रशासकीय अधिकृत एवम् सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज,पूर्व जनप्रतिनिधी, शैक्षिक व्यक्तित्व, संचार जगत, गाउँपालिका भन्दा बाहिर नेपालका विभन्न सहरमा रहनुभएका पालिकाबासी तथा पालिका प्रेमी आमाबुबा दाजुभाई तथा दिदि बहिनीहरु प्रती आभार एवम् धन्यबाद प्रकट गर्दछु। गाउँपालिकाको समग्र विकासमा योगदानपुऱ्याउनेकरदाता, निजिक्षेत्र, भगिनी सम्बन्ध कायम गरेका पालिकाहरु, तथा विकास साझेदारहरुमा हार्दिक धन्यबाद व्यक्त गर्दछु।

आर्थिक तथा सामाजिक विकास मार्फत समृद्धि हासिल गर्ने तथा सामाजिक न्याय प्रत्याभुत गर्दै समृद्ध धुर्कोट, हाम्रो शान भन्ने दिर्घकालिन सोचको लक्ष्य हासिल गर्न उत्पादनशिल, शिक्षित, मर्यादित, रोजगारीको अवसर प्राप्त गरी पर्याप्त आय आर्जन गर्ने सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, आत्मनिर्भर समृद्ध धुर्कोट गाउँपालिका निर्माण गर्ने धेयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनको शिलसिलामा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

**धन्यवाद नमस्कार।**

**सीता गिरी**
**उपाध्यक्ष**
**धुर्कोट गाउँपालिका, बर्बोट, गुल्मी**
**लुम्बिनी प्रदेश नेपाल**